# गौरीगञ्ज गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित
# बजेट तर्जूमाका आधार एवं नीतिहरु

## गाउँपालिकाको मूल्य नारा

## "कृषि, शिक्षा, उद्योग, व्यापारमा उन्नति : पुर्वाधार विकाससहित गौरीगञ्जको समून्नति"

**१. वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा गर्दा अवलम्बन गरिएका आधारहरु :**

वार्षिक बजेटको प्रक्षेपण तथा तर्जूमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहमा बजेट तर्जूमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४, महालेखा परीक्षकबाट स्वीकृत एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ र गौरीगञ्ज गाउँ कार्यपालिकाबाट स्वीकृत ऐन, नियमावली तथा आन्तरिक आय एवं राजश्वको श्रोत अनुमान सम्बन्धी विज्ञबाट प्राप्त परामर्श, स्थानीय राजश्व परामर्श समितिको सिफारिश तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदानलाई मुख्य आधार मानिएको छ ।

**२. अवलम्बन गरिएका प्रमुख नीतिहरु :**

- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित वितरणलाई मध्यनजर राखी आयोजना तथा कार्यक्रम छनौट गरिएको छ ।
- गरीबी निवारणमा टेवा पुऱ्याउने योजनाहरुलाई कार्यक्रममा समावेश गरिएको छ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिएको छ ।
- गाउँपालिको आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न सहयोग पुग्ने योजनालाई प्राथमिकता दिने नीति लिएको छ ।
- बजेट तर्जूमा गर्दा विषय क्षेत्रगत बजेट सीमा निर्धारण गरी सोहीबमोजिम योजना छनौट गर्ने नीति लिएको छ ।
- आन्तरिक आय तथा राजश्वलाई दीगो एवं भरपर्दो बनाउन करको दायरालाई फराकिलो बनाइने छ ।
- राजश्वको नयाँ श्रोत पहिचानको लागि सम्भाव्यता अध्ययन गरी मिलान गर्दै लगिनेछ ।
- आर्थिक प्रशासनलाई पारदर्शी, जवाफदेही, मितव्ययी एवं विश्वसनीय बनाउन अभिलेख प्रणालीलाई कम्प्यूटराइज्ड प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।
- करमैत्री वातावरण श्रृजना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघसंस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या बढाइनेछ ।
- दोहोरो कर प्रणाली हटाई एकद्वार प्रणालीबाट कर, राजश्व संकलन गर्ने नीति अवबलम्बन गरिनेछ ।
- कानूनबमोजिमबाहेक कर, राजश्व संकलन गरिने छैन ।
- साविकका गाविस तथा विषयगत कार्यालयहरुको अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट देखिन आएको पेश्की, बेरुजू, बाँकी बक्यौता रकमको लगत खडा गरी उल्लिखित पेश्की बेरुजू, बाँकी बक्यौता नियमित तथा असूल उपर गर्न शून्य सहनशीलताको नीति लिइनेछ ।
- गौरीगञ्ज भन्सारको विकास तथा विस्तार गर्न प्रदेश तथा केन्द्र सरकारसँग आवश्यक पहल गरिनेछ ।
- गौरीगञ्ज गाउँपालिकाको विकास तथा निर्माणमा मुख्य पूर्वाधार विकासको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकाय र सरकारसँग आवश्यक व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।

- गौरीगञ्ज गाउँपालिकालाई आधुनिक नमूना शहर निर्माणको लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय इलाम, सम्बन्धित कन्सल्टेन्सी, प्रदेश सरकार र नेपाल सरकारसँग आवश्यक व्यवस्थापन तथा कार्य सञ्चालन गर्न अनुरोध गर्ने नीति लिइनेछ ।

## ३. क्षेत्रगत नीतिहरु :

### ३.१ आर्थिक विकास क्षेत्र :

- कृषिमा आधारित रोजगार सिर्जना हुने कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।
- प्राङ्गारिक खेती विस्तार गर्ने नीति लिइनेछ ।
- कृषि सडकलाई विस्तार गरिनेछ ।
- अव्यवस्थित प्लटिङ्ग गर्ने कार्य निरुत्साहित गर्ने नीति लिइनेछ ।
- एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्न प्रयत्न गरिनेछ ।
- व्यवसायिक तथा आधुनिक कृषि प्रणालीको विकास गर्न मल, बिउ, सिचाई सुविधाको व्यवस्था गर्न पहल गरिनेछ ।
- स्थानीय पूजी, श्रम तथा सीपको उपयोग हुने साना तथा घरेलु उद्योग स्थापना गर्न नीजि क्षेत्रलाई आकर्षण गर्ने नीति लिइनेछ ।
- उद्योग तथा वाणिज्य क्षेत्रमा लगानीकर्ता भित्र्याउन आकर्षक लगानीमैत्री वातावरण सिर्जना गर्दै लगिनेछ ।
- उद्योग दर्ता प्रक्रिया सरल र व्यवहारिक बनाइनेछ ।
- स्थानीय रोजगार सिर्जना गर्न मद्धत पुऱ्याउने ठूला तथा मझौला उद्योग स्थापना गर्न पहल गरिनेछ ।
- सीमसार क्षेत्रको संरक्षण एवं प्रवर्द्धन गरिनेछ ।
- पर्यटन उद्योग स्थापना गर्न पहल गरिनेछ ।
- प्राकृतिक तथा सांस्कृति विशेषता झल्काउने पर्यटन क्षेत्रको विकास तथा विस्तार गर्ने नीति लिइनेछ ।
- सहकारी दर्ता प्रकृयालाई सरल तथा सहज बनाइनेछ ।
- सहकारीको नियमन तथा अनुगमन प्रभावकारी बनाइनेछ ।
- लघु उद्यमी व्यवसायिक सहकारी विकास गर्न प्रोत्साहित गरिनेछ ।
- वित्तीय क्षेत्र विकास र विस्तारको लागि बैंक तथा वित्तीय संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ
- बैंक तथा वित्तीय क्षेत्रबाट संकलित पूजीँ उत्पादन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- बैंक तथा वित्तीय संस्था सबै वडामा पुऱ्याउन जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गाको लगत खडा गरी अतिक्रमण हुनबाट बचाई संरक्षण गरिनेछ ।
- छाडा चौपाया एवं सार्वजनिक स्थलमा चरिचरन बन्द गरी व्यक्ति तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कार्यमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

### ३.२ सामाजिक विकास क्षेत्र :

- आधारभूत शिक्षामा सबैको पहुँच पुऱ्याइनेछ ।
- अपाङ्गता एवं बालमैत्री शिक्षा प्रणालीलाई जोड दिइनेछ ।
- मातृभाषामा आधारभूत शिक्षा हासिल गर्ने वातावरण मिलाउन प्रयत्न गरिनेछ ।
- कक्षा- ८ तह सम्मको परीक्षा गाउँपालिका आफैले सञ्चालन गर्नेछ ।
- ६ वर्ष पुगेपछि पनि बच्चालाई विद्यालय भर्ना नगराउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधाबाट बञ्चित गरिने नीति लिइनेछ ।
- अति विपन्न एवं पीडित परिवारका बालबालिकाहरुलाई अंग्रेजी माध्यमको शिक्षाको लागि नमूना विद्यालय छनौट गरी निःशुल्क पठनपाठनको व्यवस्था मिलाउने नीति लिइनेछ ।

- आधारभूत तथा एस.इ.इ. परीक्षामा सर्वोत्कृष्ट हुने छात्र-छात्रालाई पुरस्कारको व्यवस्था गरी उच्च शिक्षामा सहयोग पुऱ्याउने नीति लिइनेछ ।
- स्वास्थ्य नै सम्पत्ति हो भन्ने मूल उद्धेश्यका साथ स्वास्थ्य क्षेत्रमा सबैको सहज पहुँच पुऱ्याउन प्रयत्न गरिनेछ ।
- स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थामा औषधीको अभाव हुन नदिन प्रयत्न गरिनेछ र गरीब तथा निमुखा वर्गलाई स्वास्थ्य संस्थामा पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- "जीवनका लागि पानी" भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तारमा आवश्यक पहल गरिनेछ ।
- सन २०१८ भित्र खुल्ला दिशामुक्त गौरीगञ्ज गाउँपालिका घोषणा गर्न अभियानको रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु नश्ल सुधार, पशु बधशाला निर्माण, पशु सम्बन्धी बिमा र कर्जा सहजीकरण गर्न आवश्यक पहल गरिनेछ ।
- ऐतिहासिक, सांस्कृति एवं धार्मिक मठमन्दिर, मस्जिद, गुम्बालगायतका सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन गरिनेछ ।
- यूवा तथा खेलकूदको विकास गर्न गाउँपालिकास्तरीय खेलकूद विकास समिति गठन गरी सो समितिमार्फत खेलकूद सम्बन्धी कियाकलाप सञ्चालन गर्न सहयोग गरिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न लक्षित वर्गको रुपमा रहेका महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपाङ्गता, मधेसी, मुस्लिम र पिछडावर्ग एवं जेष्ठ नागरिकको शशक्तिकरण गर्न लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- ६० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकको लागि जेष्ठ नागरिक परिचय पत्र वितरण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता सहज एवं सरल तरिकाले वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
- यूवाहरुलाई लक्षित गरी लागू औषध तथा दुर्व्यसन विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा सहभागी हुने खेलाडीलाई गाउँपालिकाको तर्फबाट सम्मान एव. पुरस्कृत गर्ने नीति लिइनेछ ।
- बैदेशिक रोजगारीमा जाने अवस्थालाई दुरुत्साहन गर्दै गाउँपालिकामै रोजगारको वातावरण सिर्जना गर्न प्रयत्न गर्दै लगिनेछ ।
- शिक्षित बेरोजगारीको समस्या समाधानका लागि लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।
- सुकुम्बासी, भूमिहिन तथा गरीबीको रेखामुनि रहेका जनताको पहिचान तथा अभिलेख व्यवस्थापन गरी दीर्घकालीन समाधानका लागि जीवीकोपार्जन र बसोबास व्यवस्थापनको लागि रणनीतिक कार्ययोजना तयार गरी समाधानको लागि पहल गरिनेछ ।
- लक्षित वर्गको लागि विनियोजन भएको बजेटमध्ये सबै वडालाई बराबर हुनेगरी कूल लक्षितवर्गको लागि विनियोजित बजेटलाई शतप्रतिशत मानी सोको ४० प्रतिशत गाउँपालिकाबाट कार्यक्रम सञ्चालन गर्ने र ६० प्रतिशत वडा समितिमार्फत छनौट भई आएका लक्षित योजनाहरुमा लगानी गर्ने नीति लिइनेछ ।

### ३.३ पूर्वाधार विकास क्षेत्र :

- गाउँपालिकास्तरबाट सञ्चालन हुने सडक योजनामा सडकको न्यूनतम् चौडाइ ६ मीटर र न्यूनतम् ५०० मीटर भन्दा कम लम्बाई भएका योजनामा लगानी गरिने छैन ।
- गाउँपालिकाबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने भौतिक पूर्वाधारतर्फका योजनामा कम्तीमा २० प्रतिशत नगद तथा श्रम सहभागिता अनिवार्य गरिने छ ।

- वडालाई तोकिएको बजेटको सीमाबाट प्राथमिकीकरण भई स्वीकृत भएका योजना तथा कार्यक्रमहरु कार्यप्रकृतिको आधारमा स्थानीयस्तरमा उपभोक्ताहरुको आमभेलाबाट गठित उपभोक्ता समितिबाट सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।
- उपभोक्ता समिति गठन गर्दा अध्यक्ष/सचिव/कोषाध्यक्ष पदमा न्यूनतम् महिला एक जना र समितिको कूल सदस्य संख्यामा न्यूनतम् ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गरिएको छ ।
- पेश्की बाँकी, बेरुजू भएका र बहालवाला कर्मचारी, शिक्षक, जनप्रतिनिधि एवं सार्वजनिक पद धारण गरेका व्यक्तिलाई उपभोक्ता समितिमा सहभागी हुन नपाइने व्यवस्थालाई कठाइका साथ लागू गरिनेछ ।
- आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा विवादरहित हिसाबले सञ्चालन गरिनेछ । कुनै योजना सञ्चालनमा विवाद उत्पन्न भए उक्त विवाद निरुपण भएपछि मात्र सम्झौता गरी कार्यान्वयन गरिनेछ ।
- पाँच लाखभन्दा बढी लागत रकम भएका गाउँपालिकास्तरबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु सम्बन्धित वडाको राय, परामर्शबाट सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली २०६४ विपरीत नहुने गरी स्थानीय श्रम, सीप तथा जनसहभागिता सुनिश्चिता एवं कार्य प्रकृतिको आधारमा स्थानीय उपभोक्ता समिति वा दरभाउ पत्र वा बोलपत्रबाट सञ्चालन गरिनेछ ।
- पाँच लाख रुपैयाँ माथि लागत भएका आयोजना सञ्चालन गर्दा आयोजनास्थलमा आयोजना सम्बन्धी विवरण (होर्डिङ्ग बोर्ड) अनिवार्य राख्नुपर्ने व्यवस्था गरिनेछ ।
- आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा अग्रीम पेश्की दिने व्यवस्था निरुत्साहित गरिनेछ ।
- कार्य प्रकृति हेरी मोबिलाइजेसन रकम तथा रनिङ्ग बीलको आधारमा भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।
- आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवं गुणस्तर कायम राख्न अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ । साथै अन्तिम भुक्तानी तथा फरफारक गर्नुपूर्व अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस तथा सार्वजनिक परीक्षण पछि मात्र भुक्तानी गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा बन्ने नीजि तथा सार्वजनिक भवनहरु बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ बमोजिम गाउँपालिकाबाट नक्सा पास गराएर मात्र बनाउनुपर्नेछ
- विद्युत नपुगेका ग्रामीण क्षेत्रहरुमा विद्युत विस्तार एवं भोल्टेज सुधार गर्न र शहरी एवं सार्वजनिक स्थानमा बैकल्पिक उर्जा (सौर्य बत्ती) जडान गर्न आवश्यक ब्यवस्था मिलाइनेछ ।
- "विकासका लागि सञ्चार" भन्ने नारालाई साकार रुप दिन सञ्चार क्षेत्रको विकास एवं प्रबर्द्धनमा जोड दिइनेछ ।

## ३.४ वातावरण तथा विपद व्यवस्थापन :

- गाउँपालिका क्षेत्रका माई, बनियानी, कमल, किस्ने, गौरीया, रामचन्द्रे, रतुवालगायतका खोलाहरुबाट हुने भू-क्षय न्यूनीकरण गर्न वृक्षारोपणमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रका नदीहरुबाट हुनसक्ने भू-क्षय तथा नदी कटान रोकथामका लागि प्रदेश तथा केन्द्रीय सरकारबाट गुरुयोजना बनाई योजना सञ्चालन गर्न पहल गरिनेछ ।
- बढ्दो वातावरण प्रदुषण न्यूनीकरण गर्न प्लाष्टिकजन्य वस्तुको प्रयोग तथा विक्रीवितरणमा निरुत्साहित गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिको लागि सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- बजारबाट संकलित फोहोरको उचित व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइडको प्रबन्ध गरी फोहोर व्यवस्थापन गर्ने र बजार व्यवस्थित बनाई ढल निकासको प्रबन्धसमेत गर्ने नीति लिइनेछ ।
- भविष्यमा आइपर्ने विपद व्यवस्थापनका लागि गाउँपालिकास्तरीय विपद व्यवस्थापन समिति गठन गरी विपद व्यवस्थापन कोष खडा गरिनेछ ।

**३.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

- गाउँपालिका, वडा कार्यालय एवं विषयगत कार्यालयहरुको संस्थागत विकासको लागि भौतिक पूर्वाधार तथा श्रोत, साधन सम्पन्न बनाइनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै कार्यालयबाट प्रदान गरिने सेवा चुस्त, दुरुस्त बनाउन कम्प्यूटराइज्ड प्रणाली लागू गरिनेछ।
- कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह सम्बन्धमा नागरिकहरुको सहजताको लागि नागरिक बडापत्रको व्यवस्था अनिवार्य गरिनेछ।
- निर्णय प्रक्रिया पारदर्शी र प्रभावकारी बनाइनेछ।
- कर्मचारीहरुलाई सेवाग्राहीप्रति उत्तरदायी एवं जवाफदेही बनाउन कामको आधारमा प्रोत्साहन, पुरस्कार एवं दण्डित गर्ने नीति अवलम्बन गरिनेछ।
- कार्यालयबाट प्रदान गरिने सेवाको विषयमा नागरिकहरुलाई जानकारी गराउन सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ।
- गाउँपालिकामा कार्यरत कर्मचारीको वृत्ति विकास तथा मनोबल उच्च राख्न अवधी पुगेका कर्मचारीहरुलाई वृत्ति विकासको अवसर तथा श्रेणीविहिन कर्मचारीहरुलाई प्रकृयागत रुपमा बढुवा गर्दै जाने नीति अवलम्बन गरिने छ।